# नेपाल गजेट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं भाद्र १७ गते २०१४ साल [ संख्या २१

### योजना विकाश मन्त्रालयको सूचना

विकाश समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सरकारले यो आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यो आदेशका नाम— "ग्रामविकाश समिति गठन आदेश २०१४" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. समितिको गठनः- (१) ग्रामविकाश समिति ( यसपछि समिति भएको ती नामको एउटा समिति ) गठन गरिएको छ।

(२) यस समितिमा देहायका व्यक्तिहरू सदस्य रहनेछन् :—

(क) श्री माननीय योजना विकाश मन्त्री, समितिका सभापति।

(ख) श्री सेक्रेटरी, योजना विकाश मन्त्रालय, समितिका सदस्य।

(ग) श्री सेक्रेटरी, कृषि मन्त्रालय ऐ।

(घ) श्री डाइरेक्टर ग्राम विकाश विभाग, ऐ. तथा सेक्रेटरी।

(३) नेपालस्थित यूनाइटेड स्टेट्स् अपरेशन मिशन र इण्डियन एड मिशन-का डाइरेक्टरहरूले यस समितिलाई सल्लाह दिन सक्नेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको काम कर्तव्य :—

(१) यो समितिले सरकारबाट स्वीकृत ग्राम विकाशको योजना कार्यान्वित गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको योजना कार्यान्वित गर्दा समितिले निम्न लिखित कार्यहरू गर्न सक्नेछ ।

[क] जग्गाजमिन किन्ने वा लिने ।

[ख] डिमोन्स्ट्रेशन फार्महरू, स्कूलहरू, डिस्पेन्सरीहरू, ग्रामीण मनोरञ्जन मण्डलहरू, पुस्तकालयहरू तथा बीज र खाद [मल] भण्डारहरू इत्यादि खोल्ने र खुलाउने व्यवस्था गर्ने ।

[ग] ग्राम पंचायतहरू सहकारी संस्थाहरूको संगठन गरी उन्नत उपजको लागि मुनासिब व्याजमा ऋण दिने व्यवस्था मिलाउने ।

[घ] योजनासम्बन्धी नीतिनिर्धारित गर्ने र योजना कार्यान्वित गर्न कुरामा पूरा रेखदेख गर्न ।

[ङ] योजना कार्यान्वित गर्नमा सफलता शीघ्रता र कुशलता ल्याउन भलकको तहमा सबै मन्त्रालयहरू र विभागहरूको कामहरूमा सामञ्जस्य र एकता ल्याउने ।

[च] प्रशासकीय र आर्थिक नियमहरू बनाउने ।

[छ] समयमा नै आवश्यक विशेषज्ञहरू तथा कर्मचारीहरूको नियुक्त गर्ने र चाहिने माल सामान पुऱ्याउने व्यवस्था मिलाउने ।

(ज) ग्राम विकाशको प्रशासकीय तहहरूमा आवश्यक सल्लाहकार समितिहरू गठन गर्ने व्यवस्था मिलाउने ।

(झ) विभिन्न जिल्लाहरूमा खोलिएका ग्रामविकाश केन्द्रहरूमा भरसक सामञ्जस्यता ल्याउने ।

[ञ] ग्राम विकास विषयमा तालिम हासिल गर्न लडका लडकीहरूलाई देशदेशावरमा पठाउन लगाउने र देश देशावरबाट शिक्षकहरू झिकाउन लगाउने ।

४. समितिका सदस्यहरूको व्यवस्था:- [१] सरकारले आवश्यक ठानेमा समितिका सदस्यहरू थपघट गर्न वा बदल्न सक्नेछ ।

[२] समितिको कामबाट राजीनामा गर्न चाहेमा कुनै सदस्यले सरकारछेउ राजीनामा पेश गर्न सक्नेछन् र सो राजीनामा स्वीकृत भएपछि निजको स्थान रिक्त भएको मानिनेछ र सो रिक्त स्थानमा सरकारले कुनै व्यक्तिलाई सदस्य मुकरर गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[३] कुनै सदस्य बेरामी भै वा अन्य कुनै कारणले केही अवधिसम्म समितिको काममा अनुपस्थित रहने भएमा सरकारले सो अनुपस्थित सदस्यको स्थानमा आर्को कुनै व्यक्तिलाई कायम मुकायम सदस्य मुकरर गर्न सक्नेछ ।

आज्ञाले--
भीमबहादुर पाण्डे,
सेक्रेटरी-योजनाविकास मन्त्रालय·

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।